गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः १४-२०८२/०८३

मिति २०८३/०२/०३ समय: विहान ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| **नामथर** | **पद** |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री प्रधुब्न कुमार खड्का | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

| | |
|---|---|
| श्री गोविन्द प्रसाद पौडेल | सहायक प्रशासकीय अधिकृत |
| श्री कमल पौडेल | वरिष्ठ प्रशासन सहायक |

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७२

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०८३/०२/०३ वैठक संख्याः १४-२०८२/०८३

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. विषयगत समितिहरुको वैठक सम्बन्धमा।
३. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ONM) निर्माण स्वीकृति सम्बन्धमा।
४. गाउँ सभाको १८ औं अधिवेशन सम्बन्धमा।
५. हलुका सवारी साधन भाडामा लिने तथा सवारी चालक नियुक्ति सम्बन्धमा।
६. सग्राम- जौवारी पहिरो सरसफाई गर्ने सम्बन्धमा
७. सव-डिभिजन वन कार्यालयको भौतिक संरचना निर्माण सम्बन्धमा।
८. खानेपानी पाइप खरिद सम्बन्धमा।
९. जग्गा संरक्षण सम्बन्धमा।
१०. इलेक्ट्रिक पम्प खरिद सम्बन्धमा।
११. विविध

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो। कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा आगामी गाउँ सभाको १८ औं अधिवेशनको पूर्व तयारीका लागि राजश्व परामर्श समिति, विषयगत समितिहरु लगायतका विभिन्न समितिको वैठक २०८३ जेष्ठ १५ गते भित्र सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा देवघाट गाउँपालिकाको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्यका लागि संगठन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ को दफा ५ बमोजिम पूर्व स्वीकृति दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बंन्धमा देवघाट गाउँपालिकाको १८ औं गाउँ सभाको पूर्व तयारी एवं कार्यसञ्चालनको लागि गाउँ सभा सचिवालय स्थापना गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय प्रयोजनको लागि यस अघि हलुका सवारी साधन भाडामा लिइएकोमा उक्त सम्झौता भङ्ग गरिसकिएको र कार्यालयको लागि पुनः आवश्यक भएकोले चालक सहित हलुका सवारी साधन व्यवस्थापन गर्न सूचना प्रकाशन गरी आवश्यक प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ३ अन्तर्गत सग्राम- जौवारी बाटोमा पर्ने पहिरो सरसफाई कार्य वापत विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा सव-डिभिजन वन कार्यालय देवघाट-५ तनहुँको माग बमोजिम कम्पाण्ड वाल निर्माणका लागि रु २ लाख रुपैयाँ विनियोजन भईसकेको र उक्त कार्यालयमा २ (दुई) वटा कोठामा तुरुन्तै भुईमा टायल छाप्न अत्यावश्यक देखिएको साथै सव-डिभिजन वन कार्यालयको निवेदन र प्राविधिक लागत अनुमान अनुसार थप रकम रु. २ लाख ५० हजार रुपैयाँ भैपरी आउने पूँजीगत ५१९.२२.१.११५ शीर्षकबाट खर्च हुने गरी थप रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं २ आमडाँडा टोल खानेपानी र डि.ज्याप्रि कुवादी खानेपानीको लागि क्रमश रु. २ लाख र ३ लाख भैपरि आउने चालु खर्चबाट भुक्तानी हुनेगरी आवश्यक पाईप खरिद गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ स्थित हाटबजार नजिक खाल्डो पुरिएको स्थानको तारवार गरी जग्गा संरक्षण गर्ने कार्यको लागि रु ३,००,०००।– (अक्षरुपी रु तीन लाख रुपैयाँ) भैपरी आउने पूँजीगत ५१९.२२.१.११५ शिर्षकबाट खर्च हुने गरी कार्य गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं.५ को वजेट माग सिफारिस बमोजिम जीविकोपार्जन कृषि व्यवसाय गर्ने किसानको मागको आधारमा अध्यक्षसँग कृषि कार्यक्रम शीर्षकबाट खर्च हुनेगरी इलेक्ट्रिक पम्प (५०% अनुदान) मा खरिद गर्नको लागि रु १,००,०००।– (अक्षरुपी रु एक लाख रुपैयाँ) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ का सम्बन्धमा देहाय बमोजिमको विविध निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो।

क) कालिका आ.वि देवघाट-५ तनहुँलाई विद्यालय भवनको छाना छाउने कार्यको लागि ३५,०००।– (अक्षरुपी पैतीस हजार रुपैयाँ) उपलब्ध गराउने निर्णय गरियो।

ख) देवघाट गाउँपालिकाका विभिन्न वडामा रहेका परम्परागत भाँडा वर्तन तथा कृषि औजार बनाउने आरनहरुलाई निवेदन मागका आधारमा आरनमा प्रयोग हुने विभिन्न औजार मेशिन खरिदको लागि देवघाट गाउँपालिकाको दलित समुदायका लागि प्रविधि हस्तान्तरण कार्यक्रम शीर्षकबाट व्यहोर्ने गरी रकम उपलब्ध गराउने निर्णय।

ग) यस सालको वर्षातको समयलाई मध्यनजर गरी अधिक वर्षाको कारणबाट देवघाट गाउँपालिकाको विभिन्न वडाका सडकहरुमा हुनसक्ने क्षतीलाई न्यूनीकरण गर्न र दैनिक आवागमनलाई सहज वनाउनको लागि प्रति सडक हेरालु मासिक रु १२,०००।– (अक्षरुपी रु बाह्र हाजर रुपैयाँ) का दरले पारिश्रमिक उपलब्ध गराउने गरी असार देखि भाद्र सम्म कामकाज गर्न १५ जना सडक हेरालु वडा स्तरबाट खटाउने निर्णय गरियो।

घ) देवघाट गाउँपालिका वडा नं. ४ अन्तर्गत डोडे वाँसपानी सडकमा रहेको पहिरो कारण सडक अवरुद्ध भएको हुँदा सडक सरसफाईको लागि लागत अनुमानको आधारमा लाग्ने रकम जम्मा रु ७४,५७४।०३ मध्ये रु.

४७,८०४।– वडा नं. ४ भित्रको बाटो सरसफाई शीर्षकबाट र बाँकी रु २६,७७०।– कन्टिन्जेन्सीबाट भुक्तानी हुने गरी कार्य गर्ने निर्णय गरियो ।

ङ) मिति २०८३-०२-२१ गते बिहीवार (June 4th 2026) "जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस" को पावन अवसरमा देवघाट गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरु, सामुदायिक एवं नीजि शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्था (अत्यावश्य सेवा बाहेक) र अन्य संघ संस्थाहरुमा स्थानीय विदा दिने सर्वसम्मत निर्णय गरियो ।

च) देवघाट युवा जाँगरण समाज, देवघाट-५, तनहुँले राष्ट्रिय स्तरको U-18 7A Side पुरुष फुटबल प्रतियोगिता संचालनको लागि आर्थिक सहयोग माग गरेकोले रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

छ) ॐ देवघाट प्रगतिशिल बोटे समाज, देवघाट-५,तनहुँले संचालन गरेको 7A side फुटबल प्रतियोगिताको लागि रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ज) देवघाट खेलकुद समितिले देवघाट गाउँपालिकाको तर्फबाट व्यास नगरपालिकाले आयोजना गरेको अन्तरपालिका महिला तथा पुरुष भलिबल प्रतियोगितामा सहभागी हुँदाको खर्च रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो ।

झ) विभिन्न निवेदन तथा वडा कार्यालयको सिफारसि बमोजिम तपसिल बमोजिमको व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| अ) टक माया गुरुङ, देवघाट-३ | - रु. १५,०००/- | (उपचार सहयोग) |
| आ)सिता माया राना, देवघाट-१ | - रु. ३०,०००/- | (उपचार सहयोग) |
| इ) विकास थापा मगर, देवघाट-४ | - रु. १०,०००/- | (उपचार सहयोग) |
| ई) सोम बहादुर भुजेल, गैडाकोट-३ | - रु. २५,०००/- | (उपचार सहयोग) |
| उ) सुप्रिया गुरुङ, देवघाट-५ (राजु गुरुङको श्रीमति) | - रु. १०,०००/- | (उपचार सहयोग) |

ञ) मधु सामुदायिक वन उपभोक्ता समुह, देवघाट-५, तनहुँको आयोजना तथा देवघाट गाउँपालिकाको लागत सहाभागितामा संचालन हुने चप्पल बनाउने सम्बन्धी तालिमका लागि यस गाउँपालिकाबाट मेड्पा कार्यक्रम अन्तर्गत उद्यमी स्तरोन्नती तर्फको रु. ५५,०००/- (अक्षरुपी पचपन्न हजार रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष